# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००, ४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट : www.puexam.edu.np


प.सं. :
च.नं. :

मिति: २०७९।०२।०४ गते

श्री क्याम्पस प्रमुखज्यू,
बी.ए. अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषय: परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७९ सालमा सञ्चालन हुने कला संकाय अन्तर्गत **चार वर्षे बी.ए. (Bachelor of Arts) शैक्षिक कार्यकमको नयाँ पाठ्यकम अन्तर्गत प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षको** नियमित तथा आंशिक एवं पुरानो पाठ्यकम अन्तर्गत प्रथम, दोस्रो र तेस्रो वर्षको आंशिकमा त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **परीक्षा आवेदन फारम भराई यस कार्यालयको नविल बैंक लि.को CALL A/C 0706010310803 मा नियमानुसारको सम्बन्धन शुल्क र परीक्षा शुल्क** मिति **२०७९।०३।०२** गते भित्र जम्मा गर्नुहुन र शुल्क जम्मा गरेको तीन दिन भित्र परीक्षा शुल्क जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गरी परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको मिति **२०७९।०३।०२ गते** भित्र परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको विलम्ब शुल्क लिएर नियमानुसार परीक्षा आवेदन फाराम भराउन सकिनेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान .......... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गरि/गराई दिनुहुन समेत जानकारी गराईन्छ ।

**तपसिल**

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयाई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. **परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धि कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।**
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडि कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फारम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subject-wise Data) खुलाई अनिवार्यरुपले Batch अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फारममा परीक्षार्थीले कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन। अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
९. कलेजले संचालन गरेको आन्तरिक मूल्याङ्कनको परीक्षाको प्राप्ताङ्क प्रवेशपत्र प्राप्त गरेपश्चात कलेजले नै Online Entry गर्नुपर्ने छ ।
१०. परीक्षा शुल्क देहाय बमोजिम हुने छ-

| विवरण | शुल्क |
|---|---|
| १. नियमित प्रति बर्ष/प्रति विद्यार्थी (२०२० समुह प्रथम बर्ष) | रु.१२००।- |
| २. नियमित तथा आंशिक प्रति बर्ष/प्रति विद्यार्थी (अन्य बर्ष तथा समुह) | रु.७००।- |
| **विलम्ब शुल्क** | |
| ३. तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र | रु.१०००।- |
| ४. परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म | रु.२०००।- |
| ५. परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म | रु.३०००।- |
| **सम्बन्धन शुल्क** | **रु.३०००।-** |

.......................
सह परीक्षा नियन्त्रक